जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ०४ पृष्ठः ४ | २०८२ बैशाख ०८ गते सोमबार (Monday 21 April 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## कमला नदीमा चरम दोहन, छैन रोकटोक

सिरहा सीमास्थित कमला नदीको बगरबाट दैनिक सयौं ट्याक्टरले नदीजन्य पदार्थको जथाभावी उत्खनन गरिरहेका छन्, तर स्थानीय सरकार र प्रहरी प्रशासन भने बेखबरजस्तै देखिन्छन्।

**शैलेन्द्र महतो**

जनकपुर,७ वैशाख। धनुषा र सिरहाको सीमा भएर बग्ने कमला नदीको बगरमा बिहीबार दिउँसो २ बजे लहरै ट्याक्टरहरु थिए। ती ट्याक्टरहरुमा मजदुरहरुले ढुंगागिट्टी र बालुवा भरिरहेका थिए। कमलापुलदेखि करिब तीन किलोमिटर क्षेत्रसम्मको बगरमा करिब २ सयदेखि ३ सयको संख्यामा ट्याक्टरहरु देखिन्थे। कमला नदीको बगरबाट उत्खनन गरिएका नदीजन्य पदार्थहरु पश्चिमी किनारका दुई ठाउँमा जम्मा गर्ने र स्थानीय क्रसर उद्योगहरुमा लग्ने गरेको प्रत्यक्ष देखिन्थो।



यसरी कमला नदीबाट उत्खनन गर्ने जिम्मा लिने ठेकेदार कम्पनी हो कमलेश्वरी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. काठमाडौं। त्यसको ठेकेदार हुन् गणेशमान चारनाथ नगरपालिका ८ का ३९ वर्षीय नागेन्द्र प्रसैला यादव।

धनुषाको गणेशमान चारनाथ नगरपालिका र कर्जन्हा नगरपालिकाको संयुक्त स्वामित्वमा पर्ने कमला नदीमा गणेशमानको वडा नम्बर ८ र कर्जन्हाको वडा नम्बर ३ क्षेत्रमा २८ हजार घनमिटर उत्खननका लागि मूल्य अभिवृद्धि करबाहेक १ करोड ५१ लखमा ठेक्का पाएका छन्।

गणेशमान चारनाथ नगरपालिका र कर्जन्हा नगरपालिकाको १३ चैत २०८१ को नगरस्तरीय बैठकबाट प्रसैलाले १४ चैत २०८१ देखि जेठ मसान्त २०८२ सम्मका लागि बोलपत्र मार्फत ठेक्का पाएका हुन्। जसको १३ चैतमा दुबै नगरपालिकाले संयुक्त रुपमा ठेकेदार कम्पनी कमलेश्वरी निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. का प्रतिनिधि ठेकेदार प्रसैलासँग ३२ बुँदे सम्झौता गरेको छ। तर नदीमा उत्खननको क्रममा सम्झौताको बुँदाहरुको पालना भएको देखिँदैन। बिहान सूर्योदयदेखि साँझ सूर्यास्तसम्म मात्र उत्खनन गर्न पाउने सम्झौतामा उल्लेख छ। तर बिहानदेखि अबेर रातिसम्म उत्खनन गर्ने गरेको स्थानीयले बताएका छन्।

'बिहान ५–६ बजेदेखि रातिसम्म खन्छ। केहीदिन अघिसम्म त मध्यराति पनि नदीको बगर खनेको देखिएको थियो' कमला बगरमा खेती गर्ने एक किसानले भने।

सम्झौता अनुसार वातावरणमा असर नपर्ने गरी बगर क्षेत्रमा तोकिएको ठाउँमा मात्र उत्खनन गर्ने उल्लेख छ। तर ठेकेदारले पानी बगिरहेको ठाउँबाट समेत उत्खनन गरेको पाइएको छ। यसबाट नदीले धार परिवर्तन गरी क्षति पुर्याउन सक्ने जोखिम पनि बढाएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले भने आफूले कसैको नम्बर ब्लक लिस्टमा नराखेको दाबी गरे। उनले कमला नदी दोहनबारे बुझ्ने बताए दैनिक ३ सय घनमिटर मात्र तोकिएको ठाउँबाट उत्खनन गर्न पाउने आईईई रिपोर्टमा उल्लेख छ। तर ठेकेदारले सम्झौता भन्दा कयौं गुणा बढी परिमाणमा जथाभावी उत्खनन गर्ने गरेको स्थानीयको भनाइ छ।

एकजना ट्याक्टर चालकले नाम

**–बाँकी तीन पेजमा**


## पर्यटन विकास कार्यालय गौर दुई कर्मचारीको भरमा

**प्रवीणकुमार शर्मा**

रौतहट, ७ वैशाख। रौतहटको गौरमा रहेको पर्यटन विकास कार्यालय दुई जना कर्मचारीको भरमा चलेको छ। ती दुईमध्ये पनि कार्यालय प्रमुख दरबन्दी अनुसार प्रशासनको उपसचिव नभएको कारण सेवा प्रवाहमा समस्या भइरहेको स्थानीयको गुनासो छ। निमित्त कार्यालय प्रमुख तथा लेखा अधिकृत बाहेक २० जना करारका कर्मचारीबाट कार्यालय सञ्चालन भएको छ। रौतहट र सर्लाही कार्य क्षेत्र भएको यस कार्यालयको वार्षिक बजेट झन्डै ८५ करोड रहेको निमित्त कार्यालय प्रमुख सञ्जयकुमार मिश्रले बताउनुभयो। आर्थिक वर्ष २०८१–०८२ मा टेन्डर प्रक्रिया प्रक्रिया मार्फत सञ्चालन हुने योजना ३२ वटा तथा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना १ सय २० वटा रहेको कार्यालयले जनाएको छ।

टुङ्ग्याउनु पर्ने बाहेक अधिकांश योजनाको सम्झौता भई कार्य अघि बढे पनि स्थायी कर्मचारी नभएको कारण कार्य सम्पादनमा असर परिरहेको निमित्त कार्यालय प्रमुख मिश्रले बताउनुभयो। स्थायी कर्मचारी नहुँदा हरेक कामको आफैले अनुगमन गर्नुपर्ने बाध्यता समेत रहेकोले कार्यालयको सेवा प्रवाहमा समस्या आइरहेको बताउनु हुँदै निमित कार्यालय प्रमुख मिश्रले स्वीकृत दरबन्दी अनुसार कर्मचारी व्यवस्थापनमा मन्त्रालयले चासो लिनु पर्ने बताउनुभयो। कार्यालयले मठ मन्दिर सौन्दर्यीकरण, धर्मशाला विवाह भवन निर्माण, ताल पोखरी सौन्दर्यीकरण पर्यटकिय क्षेत्रको सौन्दर्यीकरण लगायतका क्षेत्रमा काम गरिरहेको जनाएको छ।

कर्मचारी अभावमा दरबन्दी अनुसारको कार्यालय प्रमुख खटाउन नसकेको स्वीकार्नु हुँदै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय जनकपुरधामका सचिव जयकुमार घिमिरेले रौतहट र सर्लाहीबाट यस विषयमा धेरै गुनासो आइसकेकोले केहि दिनमै दरबन्दी अनुसारको कार्यालय प्रमुख सहित अन्य कर्मचारी मन्त्रालयले खटाउने तयारी गरिरहेको बताउनुभयो।


**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812



## व्यवसायिक खेतीमे रासायनिक खादके प्रयोग कम करू

व्यवसायिक खेतीमे रासायनिक खादके अत्यधिक प्रयोगसँ माइटक उर्वराशक्ति घटैत जाऽ रहल अइछ। तैं जैविक खादके प्रयोग कएलापर माइटके स्वास्थ्य सुधार होइ छै। उत्पादनमे सेहो वृद्धि होइ छै। एतबे नइँ उत्पादित खाद्यवस्तु स्वास्थ्यके लेल पौष्टिक एवम् फाइदाजनक होइत अइछ। घरायसी घासपात, गाइ–महिसके गोबर जँका सडैवाला चीजसऽ जैविक खाद बनाएल जा सकैत अइछ। माइटके जिवित राखबाक संगे माइटमे होयवाला सुक्ष्म जीवसबके मात्रामे वृद्धि कइरके माइटके उर्वरा शक्ति बढाबएमे मदत करैत अइछ। रोग किराके प्रकोप कम होयबाक संगे बाइलके मजगुत बनबैत अइछ। मानव स्वास्थ्यमे सेहो हानी नोक्सानी नइँ करैत अइछ। तैं व्यवसायिक खेतीमे जैविक खादके महत्वके विषयमे अपनो बुझू आ दोसरोके बुझाबू।

मधेश प्रदेश सरकार
**आमसञ्चार प्राधिकरण**



## डढेलोबाट वनजङ्गल बचाऔं, पर्यावरण जोगाऔं:

- घाँस दाउरा गर्न वनजङ्गलमा जाँदा चुरोट, बिडी नखाऔं,
- वनभोजपछि चुल्होको आगो राम्ररी निभाऔं,
- खेतबारी, खरबारी र खर्कमा आगो नलगाऔं,
- मानव बस्ती वरिपरि अग्नि नियन्त्रण रेखा बनाऔं,
- स्थानीय प्रशासन, वन, स्थानीय तह, प्रहरी कार्यालय, रेडक्रसलगायत अन्य संघ–संस्थाको सम्पर्क नम्बर सुरक्षित राखौं,
- वनमा डढेलो लागेको देखे वित्तिकै नजिकैको प्रहरी, वन कार्यालय, स्थानीय प्रशासन र स्थानीय तहलाई खबर गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सडक आन्दोलनबाट जनसाधारणलाई सास्ती

सार्वजनिक यातायात अवरुद्ध हुँदा जनजीवनका सबै पक्ष अस्तव्यस्त हुन्छ। दिनहुँ कमाएर गुजारा चलाउनेदेखि बिरामी, विद्यार्थीलगायत जनसाधारणमाथि त्यसको प्रत्यक्ष मार पर्छ। विडम्बना, आफ्नो हकका लागि आन्दोलन गर्नेहरूले अरूको बाँच्ने अधिकारको भने कहिल्यै हेक्का राखेनन्। त्यसो त काठमाडौं उपत्यकामा बाह्रै महिना प्रायः दिनहुँजसो कुनै न कुनै आन्दोलन हुनेगर्छ। तर,करिब एक महिना यता शिक्षक, चिकित्सक, कर्मचारीलगायतका प्रदर्शन र जुलुसहरूबाट जनजीवन अस्तव्यस्त हुनपुगेको छ। दुर्भाग्य, सरोकारवालाहरू भने जनताले पाएको सास्तीप्रति उदासीन देखिन्छन्। शान्तिपूर्ण जुलुस, सभा, प्रदर्शन गर्न पाउने नागरिकहरूको अधिकार नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको छ। यसै पनि लोकतन्त्रमा सार्वजनिकरूपमा विरोध प्रदर्शन गर्ने नागरिकको अधिकारको सम्मान गरिन्छ। यसैले काठमाडौंमा भइरहेका आन्दोलनहरूलाई प्रतिबन्ध लगाउने कल्पना गर्नु पनि अलोकतान्त्रिक र असंवैधानिक हुन्छ।

खासगरी लोकतान्त्रिक अधिकारको अभ्यास तथा अरूको हक र सार्वजनिक हितका बिचमा सन्तुलन हुने मार्ग राज्यले पहिल्याउनै पर्छ। विश्वका अरू लोकतान्त्रिक मुलुकहरूमा पनि विरोध गर्ने अधिकार र सारवजनिक सेवाबीच सन्तुलन हुनेगरी प्रदर्शनको व्यवस्था मिलाइएको हुन्छ। सार्वजनिक हितको रक्षा सरकारको प्राथमिक कर्तव्य हो भन्नेमा स्पष्ट हुनुपर्छ। यसैगरी आन्दोलनकारीले पनि जिम्मेवार नागरिकको दायित्व बिर्सनु हुँदैन। 'तीनकुने ताण्डव' दोहोरिन नदिन राज्यले आवश्यकताअनुसार बलसमेत प्रयोग गर्नुपर्छ। दुवै पक्ष संयमित भए प्रदर्शन शान्तिपूर्ण हुने उदाहरण पनि त देखिएकैछ।

विरोध वा मागप्रति संवेदनशील भएर सम्बोधन गर्ने तत्परता देखाएर सरकारले पहिल्यै आन्दोलन टार्न सक्छ। लोकतन्त्रमा सम्भवतः सबैभन्दा उत्तम अभ्यास यही हो। आन्दोलनकारीलाई थकाएर छाड्ने रणनीति अपनाउँदा आन्दोलन प्रायः विस्फोटक विन्दुमा पुग्नेगरेको छ। यस्तै आन्दोलनकारीहरूले पनि आफ्ना माग सुनाउन जनजीवन अस्तव्यस्त नहुने रचनात्मक उपायहरू खोज्नु उचित हुन्छ। अहिले जसरी सास्ती भोगिरहनु परेका खण्डमा जनसाधारण नै आन्दोलनको प्रतिकार गर्न अगाडि सर्न सक्छन्। यसको ज्वलन्त उदाहरण २०६६ सालमा माओवादीको काठमाडौं घेराउविरुद्धा भएको जनप्रदर्शन हो।

# हुलाकी राजमार्गले ल्याएको हर्षको सन्देश


मिथिलेश यादव

ढल्नै लागेका घर मर्मत गरेर ठड्याइएको छ। झार उम्रिएका छाना रंगिएका छन्। धुलो टकटकाएर चिटिक्क पारिएको छ। वर्षौंदेखि बन्द ढोका खुलेका छन्। उजाड र उराठ परिवेश गुल्जार देखिँदै छ। मधेसको जीवनरेखा मानिएको हुलाकी राजमार्ग छेउछाउ अहिले यस्तैयस्तै दृश्य देख्न पाइन्छ। हुलाकी राजमार्ग निर्माण नहुँदासम्म उराठलाग्दो बरियारपट्टी निर्माणसँग गुलजार देखिन थालेको छ। हुलाकी राजमार्ग बन्न थालेपछि दायाँबायाँ दुवैतिर पक्की भवन ठडिन थालेका छन्। पसल, होटल खुलेका छन्। चहलपहल बढेको छ। बरियारपट्टीका इन्दल यादव चोकमै निर्माण गरेर व्यापार बढाइरहेका छन्। बरियापट्टीकै ८० वर्षीय बिल्टु यादवले हुलाकी राजमार्ग छेउछाउको सुनसान स्थानमा लामो समय बिताए। अहिले राजमार्ग निर्माणसँगै छेउछाउका गाउँ हाँसेको देख्दा उनी भन्छन्, 'हुलाकी राजमार्गको निर्माणले यस भेगको भौतिक विकासमा मात्र ऊर्जा थपेको छैन, आर्थिक र सामाजिक विकास पनि जुर्मुराउँदै छ। हुलाकी राजमार्ग छेउछाउका बस्ती ओइलाएको पूर्व–पश्चिम राजमार्गको निर्माणपछि हो।'

बिल्टु जवान हुँदा यो भेगको बजार भर्भराउँदो थियो, सडक छेउका घरमा पसल थिए, ग्राहकको निरन्तर तर ? स्थानीय बासिन्दाहरूको एउटै जवाफ छ– पूर्वपश्चिम राजमार्ग बन्नु र हुलाकी राजमार्ग ओझेलमा पर्नुले यस्तो भएको हो। पूर्व–पश्चिम राजमार्ग निर्माण भएपछि मानिस त्यतै सर्न थाले। हुलाकी राजमार्ग छेउका पुराना बजार सुक्दै गए। हुलाकी मार्गले तराई–मधेसका सिरहा, सप्तरी धनुषा मात्र नभई २१ वटा जिल्ला जोडेको थियो। बाटोले छेउछाउका बस्ती र जिल्लालाई पायक पारिदिएका ठाउँ मुकाम बनेका थिए। राजा महेन्द्रले २०१९ सालमा पूर्व–पश्चिम राजमार्गको शिलान्यास गरेका थिए। यो राजमार्ग बनेपछि पुराना सहर क्रमशः बिराना हुँदै गए। राजमार्गको बरियारपट्टी खण्डमा शिलान्यास गर्दै अब यो राजमार्ग बनाएरै छाड्ने वाचा गरेका थिए। यो राजमार्ग राणाकालदेखि पटकपटक शिलान्यास हुँदै आएको बताइन्छ। जंगबहादुर राणाले सुरु




तीन तले भवन निर्माण गर्दै छन्। उनी भन्छन्, 'जमिन भएर पनि व्यापारको सम्भावना नहुँदा घर निर्माण गर्ने कुरा सोचेको थिइनँ। हुलाकी राजमार्ग निर्माणसँगै सम्भावना व्यापक बनेपछि लगानी गर्न हौसला मिल्यो।' इन्दलजस्तै अहिले धेरैले हुलाकी राजमार्ग छेउमा संरचना चहलपहल हुन्थ्यो। चार दशकअघि बिल्टुकै पनि धानको चट्टी (धान संकलन केन्द्र) थियो। उनको व्यापार भ्याइनभ्याइ थियो। सीमापारिबाट पनि धान, तरकारी, चुर आदि किन्न मानिस आउँथे। सीमा छेउमा पनि बजार लाग्थ्यो। एक समयका यस्ता चल्तीका बजार एकाएक किन सुके मानिससँगै कतिपय जिल्ला सदरमुकामसमेत बसाइँ सरे। हुलाकी मार्ग छेउछाउका बस्ती, बजार सुक्दै गए, आर्थिक गतिविधि पनि सुस्ताउँदै गयो।

सुस्ताएको हुलाकी मार्ग क्षेत्रलाई उकास्ने नारा बन्यो– हुलाकी राजमार्ग निर्माण। यही नारालाई संसदीय र स्थानीय तह निर्वाचनका उम्मेदवारले जोडतोडले उठाए। यो नारा खुबै बिक्यो। हुलाकी राजमार्गको नाराले तराई–मधेसको जनमत आफ्नो पक्षमा पार्न सफल उम्मेदवार सांसद, मन्त्री मेयर, अध्यक्ष आदि पदमा पुगे। उनीहरूको जीवनशैली फेरियो तर हुलाकी राजमार्गसँग जीवन जोडिएका जनताको जीवनशैली फेरिएन। पूर्व–पश्चिम हुलाकी सडक ९ सय ७५ किमि र उत्तर–दक्षिण जोडिने सहायक सडक १ हजार ७ सय ९२ किमि स्तरोन्नतिका लागि ४७ अर्ब २४ करोड रूपैयाँ विनियोजन गरेर काम सुरु भयो। तर निर्माणको काम सोचेजस्तो गतिमा हुन सकेन। मधेस प्रदेशको पूर्वी जिल्ला सप्तरी प्रदेश राजधानी जनकपुरधामको बीचमा दुईवटा नदी पर्छन– कमला र बलान। कमलादेखि बलान नदीसम्म सिरहाको ३० किलोमिटर हुलाकी राजमार्ग निर्माणका लागि स्वच्छन्द रोशन महादेव खिम्ती जेभीले ठेक्का लिएको थियो। ११ मिटर चौडा यो हुलाकी राजमार्ग निर्माणका लागि उक्त कम्पनीले २४ डिसेम्बर २०१७ मा सम्झौता गरेको थियो। १ अर्ब २० करोड २० लाख रूपैयाँमा करिब ३० किमि हुलाकी राजमार्ग निर्माणका लागि तोकिएको ३६ महिने समय पूरा हुँदा सडक निर्माणको काम करिबकरिब सम्पन्न भैसकेको छ।

### भरोसाको मार्ग

२०७६ चैत ६ मा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले हुलाकी गरेको हुलाकी मार्ग निर्माणपछि जुद्धशमशेर, पदमशमशेर हुँदै विभिन्न कालखण्डमा पटकपटक शिलान्यास भएको बताइन्छ। शिलान्यास हुने, निर्माण नहुने विगतको इतिहासले यस भेगका जनता अन्योलमा पर्नु स्वाभाविक नै थियो। 'तराई–मधेसको विकास मेरुदण्ड मानिने बहुचर्चित हुलाकी राजमार्गको विगतमा पटकपटक शिलान्यास हुँदा देहातका जनता उत्साहित हुन्थे,' बरियारपट्टीका ८० वर्षीय लक्ष्मी यादवले भने, 'तर अहिले यो राजमार्ग निर्माणले गति लिएको छ। यसले सिरहाका जनताको मात्र नभई मधेसकै जनताको आर्थिक समृद्धि हुने भरोसा पलाएको छ।'

राणाकालमै हुलाकी सडक बन्न सुरु भएको अग्रजहरूले सुनाउने गरेको बताउँदै गंगाप्रासाद यादव भन्छन्, 'हामीले सुरुमा देखेको हुलाकी सडक अहिलेको भन्दा धेरै चौडा थियो। पहिला सडक छेउछाउ बस्ती थिएन, अहिले बस्तीले सडक ढाकेको छ।' उनका अनुसार सीमापारि धान बोकेर जाने एउटै साधन बयलगाडा थियो। 'यहाँबाट भारतीय बजार दरभंगा, मधुवनीलगायत सहरमा धान बिक्री गर्न लैजान्थ्यौं,' यादवले विगत सम्झिए, 'उताबाट नुन, तेल, लत्ताकपडा लिएर आउँथ्यौं।' त्यसबेला चल्तीको हुलाकी सडकको १८ किमि उत्तरबाट पूर्व–पश्चिम राजमार्ग बन्न थालेपछि हुलाकी सडक ओझेलमा पर्‍यो।

पूर्व–पश्चिम राजमार्ग बनेपछि दुर्दशा सुरु भएको हुलाकी सडक आसपासका स्थानीय बताउँछन्। 'पूर्व–पश्चिम राजमार्ग बनेपछि हुलाकी सडक ओझेलमा पर्‍यो,' औरही गाउँपालिकाका वीरेन्द्र शर्मा भन्छन्, 'हुलाकी सडकसँगै जोडिएको क्षेत्र नै

–बाँकी तीन पेजमा


# नरहा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**नरहा, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

मिति २०८२।०१।०७

उपरोक्त सम्बन्धमा बैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहलमा, काठमाडौंको वित्तिय सहयोगमा यस नरहा गाउँपालिकामा तपसिल बमोजिमको संस्थाबाट तपसिल अवधि (घण्टा) तालिम संचालन हुन गइरहेकोले बैदेशिक रोजगारमा जान चाहने र बैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरु तपसिल उमेर भित्रका युवाहरु सिपमुलक तालिममा सहभागि हुने इच्छुक नेपली नागरिकहरुले २०८२।०१।१४ गते भित्र आवेदन फारम भरी पेश गर्नु हुन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ  यसै साथ सिप तालिम प्रशिक्षार्थी आवेदन फारमको ढाँचा राखिएको व्योहरा अनुरोध छ।

**तपसिल**

| सि. नं. | तालिम संचालन हुने विषय | तालिम संचालन गर्ने निकाय | तालिम अवधि(घण्टा) | संख्या | तालिम सहभागी उमेर समूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्लम्बर | ट्रेनिङ सेन्टर नेपाल प्रा.लि. | १६० घण्टा | ४० जना | १८ वर्ष देखि ३५ वर्ष उमेर भित्रका | निःशुल्क |
| २. | हाउस पेन्टर | गौरी इन्टरनेशनल टेक्निकल एकेडेमी प्रा.लि. | १६३ घण्टा | ४० जना | १८ वर्ष देखि ३५ वर्ष उमेर भित्रका | निःशुल्क |
| ३. | डकर्मी | इन्क्लुसिभ कन्सल्टेन्ट प्रा.लि. | १६१ घण्टा | ४० जना | १८ वर्ष देखि ३५ वर्ष उमेर भित्रका | निःशुल्क |

**आवश्यक कागजातहरु**

१. नेपालि नागरिताको प्रतिलिपि १ प्रति    २. पासपोर्ट साइजको फोटो २ प्रति

**योग्यता र प्राथमिकताका आधारहरु**

**योग्यता**: शैक्षिक योगयातको बन्देज राखिएको छैन।    **प्राथमिकता**: वैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवा समूह।

(नौटः थप जानकारीको लागि रोजगार सेवा केन्द्रमा, सम्पर्क नं. ९८००८०५८०६ मा सम्पर्क गर्नुहुन,)

**बोधार्थः**

श्री वडा कार्यालयहरु (सबै) सूचना प्रवाह गरिदिनु हुन।

श्री आइ.टि. धभदकष्तभ ाब गउयिबम गरिदिनु हुन।

**–प्रमुख प्रशासकीय अधिकृत**

## हुलाकी राजमार्गले..

पछि पऱ्यो।' तर भारतीय सीमासँग नजिक रहेको यो क्षेत्रको रौनक हुलाकी राजमार्ग निर्माणसँगै फेरि फर्किनेमा स्थानीय आशावादी छन्। 'हुलाकी राजमार्ग निर्माण त लगभग भयो तर अब नदी तर्न पुल निर्माण भइदिए फेरि यो क्षेत्र गुलजार हुन्छ,' राजेन्द्र यादवले भने। हुलाकी सडकको सुरुआत पूर्व–पश्चिम राजमार्ग नबन्दै (राणाकालीन समयमा) चिठ्ठीपत्र ओसारपसार गर्ने हुलाकीहरू हिँड्ने छोटो बाटो भएकाले यसलाई हुलाकी मार्ग नाम दिइएको हो। तराई–मधेसका जिल्ला जोड्ने यो पहुँचमार्ग पूर्व–पश्चिम नौ सय ७५ किमि फैलिएको छ। यो सडकसँगै पूर्व–पश्चिम राजमार्गबाट मधेसका जिल्ला सदरमुकामसम्म जोड्ने ८ सय १७ किमिका ३२ वटा सहायक राजमार्ग छन्, जसले गर्दा हुलाकी राजमार्गको लम्बाइ १ हजार ७ सय ९२ किमि पुगेको छ।

हुलाकी राजमार्ग मधेसको द्रुत सम्पर्क मार्ग हो। जसले मधेसी जनताको आर्थिक, सांस्कृतिक पक्षलाई मात्र बलियो बनाउँदैन, समग्र मधेसलाई समृद्धिको बाटोमा लैजाने बताउँछन् सिरहा माड्रका बुद्धिजीवी किशोरी यादव। 'भारतीय सीमासँग नजिक रहेकाले हुलाकी राजमार्गले पूर्णता पायो भने यो क्षेत्र फेरि गुलजार हुनेछ।' नेपालको कुल क्षेत्रफलको १७ प्रतिशत भू–भाग ओगटेको तराई–मधेसलाई अन्नको भण्डार पनि मानिन्छ। जहाँको उत्पादनले मुलुकलाई पाल्न सक्छ भनिन्छ। तर मधेसको मेरुदण्ड हुलाकी राजमार्ग निर्माणमा राज्यको बेवास्ताले मधेसलाई मात्र नभई देशलाई नै घाटा भइरहेको यस क्षेत्रका बुद्धिजीवी बताउँछन्। तराई–मधेसमा ५५ प्रतिशत खेतीयोग्य भूमि छ। ६० प्रतिशतभन्दा बढी उद्योग, कलकारखाना, वनजंगल र विभिन्न सांस्कृतिक धरोहर यसै क्षेत्रमा छन्। स्रोत, साधन र सुगमता प्रचुर भए पनि यो क्षेत्रका बासिन्दा (मधेसी) मानव विकास सूचकांकमा पछाडि (गरिब) छन्।

पूर्व–पश्चिम राजमार्गसँग हुलाकी राजमार्ग र यी राजमार्गसँग देहातलाई जोड्ने सहायक मार्ग निर्माण गर्न सके मधेसका ग्रामीणजनको जीवनमा अभूतपूर्व परिवर्तन हुने यादव बताउँछन्। कमलाको कहानी धनुषा सगहाराकी ७० वर्षीया सकिना खातुनको कमला नदीमाथिको पुल भएर हुलाकी राजमार्ग छिचोल्ने सपना पाँच दशकभन्दा अघिदेखिको हो। उनी हुलाकी सडकमा पटकपटक हिँडेकी छन्। तर हुलाकी राजमार्गमा सरर हिँड्ने उनको सपना भने पुलमै अल्झेको छ। हुलाकी राजमार्गमा द्रुत आवागमनका लागि २०६८ सालमा धनुषा–सिरहाको साझा कमला नदीमा पुल शिलान्यास हुँदा सकिनासँगै यस भेगका ग्रामीणदेखि सहरी क्षेत्रका बासिन्दामा खुसी सञ्चार भयो। राणाकालदेखिको आश्वासन बल्ल पूरा हुने भयो भनेर यस भेगका मानिस रोमाञ्चित भए। २०६८ सालमा पुलको ठेक्का लागेर काम सुरु भएपछि सकिना पुल बन्नेमा ढुक्क भइन्। तर १२ वर्ष लगाएर निर्माण भएको कमला नदीमाथिको पुल उद्घाटन नहुँदै बाढीले भासियो। पुल भासिएपछि सकिनासँगै यस भेगका जनताको आशा निराशामा परिणत भयो। कमला नदीमाथिको पुलले धनुषा र सिरहा जोडिन्छ। यो पुल बनेपछि हुलाकी राजमार्गमा द्रुत आवागमन मात्र हुँदैन, यहाँका जनताको जीवनस्तरसमेत द्रुत गतिमा उकासिन्छ। यो पुलमा सिरहा र धनुषाको मात्र नभई सिंगो मधेस प्रदेशको समृद्धि जोडिएको छ।

ठेक्का सम्झौताअनुसार २०७१ मंसिर ३० गते निर्माण सकिनुपर्ने पुल २०७८ असारमा करिबकरिब सम्पन्न भएको थियो। ढिलै भए पनि निर्माण कम्पनीले ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न गरी उद्घाटनको तयारी भइहेकै बेला २०७८ असारमा कमला नदीमा आएको बाढीले पुल भासिएपछि मधेसको जीवनरेखा हुलाकी राजमार्गको सपना सेलाउन पुग्यो। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका अनुसार कमला नदीमा १२ सय मिटर चौडाइका दुई बाँधका बीचमा ४७० मिटर लामो पुल निर्माणका लागि पप्पु लुम्बिनी जेभी काठमाडौंले २८ करोड १५ लाख रूपैयाँमा ठेक्कासम्झौता गरेको थियो।

२०६८ जेठ ३१ गते भएको सम्झौतामा २०७१ मंसिर ३० गते पुल निर्माण पूरा गर्ने उल्लेख थियो। दुईपटक म्याद थपेर २०७५ मंसिर ३० गतेसम्म निर्माण अवधि लम्ब्याइयो तर ठेकेदार कम्पनीको लापरबाहीका कारण थपिएको म्यादमा पनि पुल पूरा हुन सकेन। त्यसपछि पप्पुलाई हटाएर लुम्बिनी जेभीले काम सुरु गरेको थियो। कम्पनीले पुल पुनर्निर्माण थाले पनि गति सुस्त छ। यसकारण यो बर्खाअगाडि पुल निर्माण सकिने अवस्था देखिँदैन। गत चैत २६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले सिरहामा आयोजित एक कार्यक्रममा सरकारले कमला नदी पुल निर्माणलाई प्राथमिकतामा राखेको बताएर निराश यस भेगका जनतामा पुनःआशा जगाइदिएका छन्।

सिरहाका बुद्धिजीवी देवकुमार यादव भन्छन्, 'पुल भासिएको चार वर्ष भइसक्दा पनि पुनर्निर्माणको काम सम्पन्न नहुनुले सरकारको उदासीनता प्रष्ट हुन्छ। पुलमा अल्झेको मधेसको जीवनरेखा फुकाउन सरकारले देखाइरहेको उदासीनताले यस भेगका जनतामा सरकारप्रति आक्रोश र असन्तोष बढाइरहेको उनको भनाइ छ। कमला नदीको पुल भत्केपछि १२ सय मिटरको दुरी पार गर्न बाँसको पुल हालिएको छ। हिउँदमा उक्त पुल भएर मोटरसाइकल तथा पैदलयात्री यात्रा गर्छन्। बर्खामा नदीमा पानीको सतह बढेपछि बाँसको पुलबाट आवागमन अवरुद्ध हुन्छ।

धनुषाबाट बाँसको पुल भएर सिरहा आउँदै गरेका धर्मेन्द्र सिंहले भने, 'लामो समयदेखि निर्माणाधीन पक्की पुल नबन्दा हामी पीडाको पहाड बोकेर बाँच्न बाध्य छौं। बाँसको पुल त केवल तत्कालीन सहारा मात्र हो।' धनुषाको हथमुन्डा, लक्कर, बरेवा, कठाल, बानरझुला, लगमा, भलुवाहा, फुलबरिया, सगहारालगायत गाउँका बासिन्दाको दैनिक उपभोग्य वस्तु खरिद गर्ने बजार सिरहा हो। यी गाउँका बासिन्दा किनमेल गर्न बाँसको पुलमा जोखिम मोलेर सिरहा बजार आउँछन्।



# विष्णुपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**विष्णुपुर प्र.म., सिरहा**

**मधेश प्रदेश, नेपाल**

## शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८२।०१।०८**

विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको लागि आवश्यक भएको तपशिल बमोजिमका निर्माण कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट कार्य गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त निर्माण व्यवसायी, फर्म, कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको १५ दिने सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :–**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता र आ.ब. २०८०।०८१ को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपीका साथै निवेदन साथ दरभाउपत्रको दस्तुर रु. १०००।– (एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड शाखा कार्यालय विष्णुपुर स्थित विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर प्र.म., सिरहाको राजश्व खाता नं. १६८०१४००००००९३ खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर सहित दरभाउपत्रदाता वा निजको अधिकारिक प्रतिनिधिले पेश गरेमा यस गाउँपालिकावाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. दरभाउपत्र साथ जमानत वापतको रकम नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड शाखा कार्यालय विष्णुपुर स्थित विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर प्र.म., सिरहाको धरौटी खाता नं. १६८०१४००००००८६ खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त बैंकवाट यस गाउँपालिकाको नाममा जारी भएको सक्कल विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ। (कार्यालय कोड नं. १६–३६५–२९, विष्णुपुर गाउँकार्यपालिकाको कार्यालय, विष्णुपुर प्र.म., सिरहा)।

४. म्याद नाघि आएको, रीत्त नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

५. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम बमोजिम हुनेछ।

६. दरभाउपत्रदातावाट पेश भएको दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

७. यस सम्वन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

**तपशिल:–**

| सि. न. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (पिएस र मु.अ. कर सहित) | जमानत रकम रु. | खरिदको अन्तिम मिति र समय | दर्ताको अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BRM/SQ/ Works-15 2081/082 | विशेश्वर घरदेखि दक्षिण सडक ढलान कार्य, विष्णुपुर गा.पा.–२ | १९३९९९०.८१ | ४८५००.०० | २०८२।०१।२२ समय : ५बजे सम्म | २०८२।०१।२३ समय : १२ बजे सम्म | २०८२।०१।२३ समय : १४ बजे सम्म |
| २ | BRM/SQ/ Works-16 2081/082 | शोभापुर रामजानकी कुट्टी देखि उत्तर सडक ढलान कार्य, विष्णुपुर गा.पा.–१ | १९४१९७६.८३ | ४८६००.०० | | | |
| ३ | BRM/SQ/ Works-17 2081/082 | गल्ली सडकहरु ढलान कार्य, विष्णुपुर गा.पा.–२ | १९३९१३७.८६ | ४८५००.०० | | | |
| ४ | BRM/SQ/ Works-18 2081/082 | देवअशिष यादवको घरदेखि वडा कार्यालय सम्म सडक ढलान कार्य, विष्णुपुर गा.पा.–४ | १९४००००.०० | ४८५००.०० | | | |
| ५ | BRM/SQ/ Works-19 2081/082 | लक्ष्मीपुर चोक नहर देखि पश्चिम थल्हाकटहा जाने सडक मर्मत, विष्णुपुर गा.पा.–४ | १९४००००.०० | ४८५००.०० | | | |

**विष्णुपुर गाउँपालिका**



## कमला नदीमा...

उल्लेख नगर्ने सर्तमा आफूले एक दिनमा २५ देखि ४० टिपसम्म ओसार्ने गरेको बताए। 'कहिलेकाहीँ बिहानदेखि अबेर रातिसम्म पनि काम गर्दा ४० टिपभन्दा बढी लोड–अनलोड गर्छौं। हामीलाई टिप अनुसारको रकम तोकिएको छ। त्यसकारण सकेसम्म धेरै टिप लोड–अनलोड गर्न ट्याक्टरहरुबीच प्रतिस्पर्धा हुन्छ' उनले भने।

एउटा ट्याक्टरको ट्रलीमा एकपटकमा अढाई घनमिटर लोड हुन्छ। दैनिक २५ ट्रलीको दरले नदी दोहन गर्दा ६२.२ घनमिटर हुन्छ। यसरी दैनिक न्यूनतम २ सय ट्याक्टरको हिसाब जोड्ने हो भने १२ हजार ५ सय घनमिटर उत्खनन भइरहेको सोझो हिसाब निस्किन्छ।

तर ठेकेदार नागेन्द्र प्रसैलाले २५/३० वटा ट्याक्टर मात्र प्रयोग गरेर दैनिक ६ सय घनमिटर उत्खनन गरेको दावी गरे। 'दैनिक २५/३० वटा ट्याक्टर मात्र प्रयोग गरेको छु। दैनिक ६ सय मिटर जति मात्र उत्खनन गरेर स्टक गर्छु' ठेकेदार प्रसैलाले भने।

कमला नदी किनारमै कमलेश्वरी माई क्रसर सञ्चालन गरेका उनले खोलामा बाढी आउँदा उत्खनन बन्द हुने भएकाले कहिलेकाहीँ अलि बढी खन्ने गरेको तर्क गरे।

गणेशमान चारनाथ नगरपालिकाका मेयर जीतनारायण यादवले भने ठेक्का सम्झौता अनुसार नै ठेकेदारले उत्खनन र स्टक गरेको दावी गर्छन्। 'हामीले दुईपटक अनुगमन गर्यौं। नियम र सम्झौता बमोजिम नै खन्ने र स्टोर गर्ने गरेको पाइयो' मेयर यादवले भने।

तर स्थानीय बली शर्मा भने स्थानीय सरकार र प्रहरी प्रशासनले मोटो कमिसनको सेटिङमा सम्झौता विपरीत उत्खनन गराइरहेको दावी गर्छन्। 'दैनिक तीन सय घनमिटर मात्र खन्ने सम्झौता छ। तर पाँच सय सम्म ट्याक्टर लगाएर बिहानदेखि रातिसम्म कमला नदी दोहन गर्ने गरेका छन्। दिउँसोको समय भएकाले तपाईंले आधा मात्र देख्नुभयो होला' अनलाइनखबरकर्मीलाई शर्माले भने, 'दुबै पालिका, प्रहरी प्रशासन सबैको मिलेमतो छ। त्यसैले पटक–पटक जानकारी गराउँदा पनि कसैले केही भन्दैन।' उनले यस विषयमा पटक–पटक जानकारी गराउँदा पनि प्रमुख जिल्ला अधिकारी र प्रहरी उपरीक्षकले आफ्नो मोबाइल नम्बर ब्लक लिस्टमा राखेको आरोप लगाए।

'कमला नदी दोहन रोक्न हामी स्थानीयले धेरैपटक प्रयास गर्यौं। सीडीओ एसपी, इलाका प्रहरी सबैलाई हारगुहार गर्यौं' नदीनाला अवैध उत्खननविरुद्ध अभियानका संयोजक समेत रहेका शर्माले आक्रोश पोखे 'तर कसैले केही गर्दैन। सीडीओ र एसपीले त मेरो फोन नम्बर ब्लक लिस्टमा राख्नुभएको छ। गलत कामको सूचना दिँदा नम्बर ब्लक लिस्टमा राख्नुको उद्देश्य के हो ?'

धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले भने आफूले कसैको नम्बर ब्लक लिस्टमा नराखेको दाबी गरे। उनले कमला नदी दोहनबारे बुझ्ने बताए। 'मैले कसैको नम्बर ब्लक लिस्टमा राखेको छैन। कमला नदीमा भइरहेको सम्झौता विपरीत उत्खनन बारे बुझेर अगाडि बढ्छु' उनले भने।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशंकर यादवले नगरपालिकाले नदी ठेक्का लगाएको विषयमा अहिलेसम्म आफूलाई जानकारी नभएको दाबी गरे।

# नयाँ कार्यालयले बढायो रोजगारी




बर्दीबास, ७ वैशाख। अनेकन बाधा अवरोध र समस्या झेल्दै महोत्तरीको गौशाला बजारमा मालपोत र नापी कार्यालय स्थापना भएपछि साबिकका २० गाविसका करिब दुई लाख जनताले घरदैलोमै सेवासुविधा मात्र पाएका छैनन्, स्थानीय तहमा रोजगारीको अवसर पनि सिर्जना भएको छ। यी दुई कार्यालयले सेवा सुरु गरेदेखि जिल्लाको उत्तरी भेगमा पुराना व्यवसाय परिवर्तन गर्ने लहर नै चलेको छ। गौशाला–५ का रेडियो पत्रकार नागेन्द्र साहले १० वर्ष लामो पत्रकारिता पेसा परिवर्तन गरी अहिले लेखापढी व्यवसायीको काम सुरु गर्नुभएको छ। उहाँले गौशाला मालपोत कार्यालय नजिक कोठा भाडामा लिएर नौ महिनादेखि 'भू–सेवा केन्द्र सञ्चालन गर्नुभएको छ। उहाँले दुई जनालाई रोजगारीसमेत दिएको बताउनुभयो।

पहिले व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका गौशाला–११ का ३५ वर्षीय विन्देश्वर महतो र दुई दशकदेखि जग्गा कारोबार गर्दै आउनुभएका वडा नं. ५ का जयकुमार यादव तथा रमेश महतोले पनि आफ्नो पुराना पेसा परिवर्तन गरी छुट्टाछुट्टै नामको भूसेवा केन्द्र खोलेर सेवाग्राहीलाई सहजीकरण गर्दै आउनुभएको छ। महोत्तरीको गौशाला बजारमा मालपोत र नापी कार्यालयले सेवा सुरु गरेदेखि पुरानो पेसा परित्याग गरी भूसेवा र लेखापढीको व्यवसाय अपनाउने युवापुस्ताको सूची लामो छ। लेखापढी व्यवसायी महासंघ गौशालाका अध्यक्ष सत्यनारायण यादवका अनुसार दुवै कार्यालयले गौशालामा सेवा सुरु गरेको करिब नौ महिनाको अविधिमा ३३ वटा भूसेवा केन्द्र दर्ता भई एक सय जनाभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्। यसबाहेक ५० जना जति स्थानीय युवाले छुट्टै लेखापढी गरेर रोजीरोटी चलाइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "स्थानीयबाहेक जलेश्वरदेखि आएर पनि गौशालामा लेखापढी र भूसेवा सञ्चालन गरी आत्मनिर्भर बनेका धेरै छन्।"

गौशाला मालपोत कार्यालयका प्रमुख दीपेन्द्र झाले यहाँबाट उत्तरी भेगका चार वटा स्थानीय निकायका साबिक २० वटा गाविस अन्तर्गतका निजी, सरकारी, सार्वजनिक, गुठी र सामुदायिक जग्गा वा घरजग्गासम्बन्धी भूसेवा प्रदान गर्दै आएको बताउनुभयो। उहाँका अनुसार स्थापना भएदेखि गौशाला मालपोतले दैनिक २० देखि २५ वटा जग्गा पास, ३० देखि ३५ वटा जग्गा रोक्का र फुकुवा, दाखिल खारेज, नामसारीलगायतको काम हुने गरेको छ। लेखापढी ब्यवसायी संघका अनुसार यी सेवा लिन गौशाला मालपोतमा दैनिक करिब तीन सय सेवाग्राही आउने गरेका छन्। तुलनात्मक रूपले सेवाग्राहीको यो चाप जलेश्वर मालपोत कार्यालयभन्दा बढी हो।

२०७८ चैत २० गते तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भूमि व्यवस्थामन्त्री शशी श्रेष्ठले संयुक्त उद्राटन गरेर कर्मचारी खटाए पनि विभिन्न बाधा अवरोधले जलेश्वर मालपोतबाट समयमै आवश्यक स्रेस्ता प्राप्त नहुँदा उद्राटन भएको झन्डै तीन वर्षपछि गौशाला मालपोत र नापीले सेवा सुरु गरेका थिए।

# सप्तरीका दुई कार्यालयमा तालाबन्दी

**विनय कर्ण**

सप्तरी, ७ वैशाख। योजनाको चिट्ठी सम्बन्धित वडा कार्यालयमा नपुगेको भन्दै शिक्षा विकास कार्यालय सप्तरीको कार्यालयमा आइतबार तालाबन्दी गरिएको छ। जिल्लास्थित विद्यालयहरूको शिक्षा विकास तथा भौतिक निर्माण कार्यका लागि मधेश प्रदेशबाट पठाइएको चिट्ठीहरू अझै वडा कार्यालयसम्म नपुगेको भन्दै विभिन्न पार्टीका नेता कार्यकताहरूले तालबन्दी गरेका हुन्। विकासिय योजनाका चिट्ठीहरू सम्बन्धित वडा कार्यालयमा पुग्नु आगावै प्रदेशको राजधानी जनकपुरबाटै कमिसन लिएर बिक्री गरिएको विरोधमा तालाबन्दी गरिएको नागरिक उन्मुक्ति पार्टीका केन्द्रिय सचिव तुलसी थारूले बताउनुभयो। "अधिकांश विकासीय योजनाका चिठ्ठीहरू प्रदेश राजधानी जनकपुरमै कमिसन लिई बिक्री गरेको तथा बाँकी रहेका चिठीहरू व्यक्ति व्यक्तिहरूले कमिशन लिएर बेच्ने गरेको थाहा पाएपछि तालाबन्दी गर्न बाध्य भयौं," चौधरीले भन्नुभयो।

थारू कल्याणकारिणी सभाका जिल्ला सचिव मिलन लेखीले विद्यालय जस्तो संवेदनशिल क्षेत्रमा समेत राजीनितकरणका कारण शिक्षाको स्तर घट्दै गएको र त्यसको बाधक राजनीतिक दल नै रहेकोले बाध्य भएर तालाबन्दी गर्नु परेको सुनाउनुभयो। प्रदेश सरकारबाट आएको बजेट समयमै सदुपयोग नहुने आशंका बढेकोले यसप्रतिलाई गम्भीर हुन आग्रह गनुभयो। यसअघि चैत २९ मा खेलकुद तथा समाज कल्याण मन्त्रालयद्वारा सामाजिक विकास एकाइ कार्यालयमा पठाइएको विभिन्न योजनाका अधिकांश चिठी कार्यालय प्रमुख शुशिल झाले जनकपुरमै कमिसन लिई बिक्री गरेको आरोप लगाउँदै जनमत पार्टीका संसदीय दलका नेता एवं पूर्व मन्त्री महेशप्रसाद यादवको अगुवाईमा सामाजिक विकास एकाइ कार्यालय सप्तरीमा तालाबन्दी गरिएको थियो। प्रदेश सरकारबाट बुझेका योजनाका चिट्ठीहरू कार्यालयबाट नभई बाटो बाटै बिक्री गर्नु गलत भएको जिकिर गर्दै नेता यादवले कार्यालय प्रमुखले बदमासी गर्ने तर योजना बिक्रीको आरोप सांसदहरूले खेप्नु परिरहेकोले योजनाका चिट्ठीहरूको वितरण सम्बन्धित कार्यालयबाटै हुनुपर्ने माग गर्नुभएको थियो।

# रौतहट ट्राफिकद्वारा ९ महिनामा १ करोड बढी राजश्व संकलन

रौतहट, ७ बैशाख। जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुर तथा मातहतका युनिटहरूले ९ महिनाको अवधिमा नियम विपरीत चलेका सवारी साधनलाई गरेको कारबाहीबाट १ करोड रुपैयाँ बढी राजश्व संकलन गरेको छ। गत साउन महिना देखी चैत मसान्तसम्म रौतहट जिल्लामा नियम विपरीत चलेका ११ हजार ४८९ सवारी साधनलाई गरिएको कारबाहीबाट कुल १ करोड ७ लाख ४६ हजार रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर लोकेन्द्र अधिकारीले बताएका छन्।

९ महिनाको अवधिमा जिल्ला भरीमा भएको ५४९ सवारी दुर्घटनामा ३८ जना मानिसको मृत्यु भएको इन्स्पेक्टर अधिकारीले जानकारी दिएका छन्। उक्त दुर्घटनामा परी ६६ जना मानिस गम्भीर तथा ८३६ जना सामान्य घाइते भएको ट्राफिक प्रहरीको सूचनामा उल्लेख गरिएको छ। ट्राफिक प्रहरीले सोही अवधिमा बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न विद्यालय, बाटो, सार्वजनिक स्थलमा गरी दुई हजार ३९९ सचेतना मूलक कार्यक्रम आयोजना गरेको जसमा ५३ हजार ९३६ जना मानिस सहभागी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रिगाहपुरले जनाएको छ। कम जनशक्तिको बाबजुद जिल्लाको मुख्य पूर्व पश्चिम राजमार्गको बागमती, चन्द्रनिगाहपुर, गौर चन्द्रपुर सडकखण्ड अन्तर्गत दुमारिया, गरुडा, शिवनगर, सुकदेव चौक, बमनहर, गौर र ग्रामीण क्षेत्रमा समेत ट्राफिक प्रहरी परिचालन गरिएको जनाइएको छ।




# इँटा भट्टाको खाल्डोमा डुबेर पाँच वर्षीय बालकको मृत्यु

सर्लाही, ७ बैशाख। सर्लाहीको पर्सा गाउँपालिका –५ स्थित जिङडवा गाउँमा रहेको जोश सोना इँटा भट्टामा डुबेर एक पाँच वर्षीय बालकको ज्यान गएको छ। डुबेर ज्यान गुमाउने बालक भारतको बिहार राज्य अन्तर्गत गया जिल्लाको दिउरी गाउँ निवासी शिवम मझीका छोरा सुवजजित कुमार मझी हुन्। शुक्रबारदेखि हराइरहेका बालकको शव शनिबार बिहान इँटा भट्टाभित्र रहेको खाल्डोमा पानीमा फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। मझी परिवारसहित भारतको बिहार राज्यबाट आएका करिब १५–२० जना मजदुरहरू सो इँटा भट्टामा काम गर्दै अस्थायी रूपमा बसोबास गर्दै आएका छन्।

तीन दिनदेखि बालक हराएको भन्दै परिवारले खोजी गरिरहेका थिए। शनिबार बिहान भट्टाको खाल्डोमा बालकको शव देखिएपछि स्थानीयहरूले तत्कालै प्रहरीलाई खबर गरेका थिए। घटनाको जानकारी पाउनेबित्तिकै प्रहरी टोली घटनास्थलमा पुगेको थियो। शव पोस्टमार्टमका लागि मलंगवास्थित प्रादेशिक अस्पतालमा पठाइएको र परीक्षणपछि परिवारको जिम्मा लगाइएको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको र प्रारम्भिक तथ्यहरूले डुबेर मृत्यु भएको देखिएको प्रहरी स्रोतको भनाइ छ। स्थानीय बासिन्दाहरूले इँटा भट्टा क्षेत्रमा खुला रूपमा रहेका खाल्डोहरूमा आवश्यक सुरक्षा उपाय नअपनाइएका कारण यस्ता दुःखद घटना घट्ने जोखिम रहेको बताएका छन्।

## चीनमा पहिलो ...

जितेको थियो। उसले २ घन्टा ४० मिनेटमा सो दौड पूरा गर्‍यो। पुरूष विजेताको समय १ घन्टा २ मिनेट थियो।

सो कम्पनीमा दुई सरकारी स्वामित्वका संस्थाहरूको ४३ प्रतिशत स्वामित्व, अनि बाँकीमा शाओमीको रोबोटिक्स शाखा र अग्रणी चिनियाँ ह्युमनोइड रोबोट फर्म युबीटेकको बराबर हिस्सा छ। रोबोटिक्स सेन्टरका प्रमुख प्रविधि अधिकारी ट्याङ जियानले लामो खुट्टा र मानिसले म्याराथन दौडने तरिकालाई नक्कल गर्ने एल्गोरिदमको सहयोगले टियानगोङ अल्ट्राले सो दौड जितेको बताए। 'म घमन्ड गर्न चाहन्न, तर पश्चिममा कुनै पनि रोबोटिक्स फर्मले टियानगोङको खेल उपलब्धिहरूको बराबरी गर्न सकेको छैन,' ट्याङले भने। दौडको क्रममा सो रोबोटको ब्याट्री तीन पटक फेरिएको जानकारी उनले दिए। केही रोबोटहरूलाई भने सुरूदेखि नै मुस्किल भयो। एउटा सुरूमै लड्यो र केही मिनेटसम्म ढलिरह्यो। त्यसपछि उठेर दौडियो। अर्कोले केही मिटर दौडिएपछि रेलिङमा ठोक्किएर आफ्नो मानव सञ्चालकलाई लडायो।

चीन रोबोटिक्स र ह्युमनोइड दुवै बिधामा विश्वमा अग्रणी मानिन्छ। आर्टिफिसियल इन्टेलिजेन्समा पनि अमेरिकालाई भेटाउन लागेकाले रोबोटको प्रयोग गरेर औद्योगिक उत्पादनमा चीनले आफ्नो अग्रता अझ बढाउन सक्ने मानिन्छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)